नेपाल नेत्रज्योति संघ

आंखा स्वास्थ्य कार्यक्रम राप्ती तथा बहादुरगंज

# राप्ती आंखा अस्पताल, दाङ

# छुन्द(कालेबाबु)नारायणी आंखा अस्पताल, बहादुरगंज

# लमही आंखा अस्पताल, दाङ

## औषधी तथा चश्मा सेवा व्यवस्थापनको लागि कोठा भाडा सम्बन्धमा प्रस्ताव आव्हान

**(प्रथम पटम प्रकाशित मिति २०७४।०७।२४ गते)**

नेपाल नेत्रज्योति संघ, आंखा स्वास्थ्य कार्यक्रम राप्ती तथा बहादुरगंज अन्तर्गतको अस्पतालहरू (राप्ती आंखा अस्पताल, छुन्द(कालेबाबु)नारायणी आंखा अस्पताल, लमही आंखा अस्पताल) तथा उपचार केन्द्रहरू(घोराही आंखा उपचार केन्द्र, सल्यान आंखा उपचार केन्द्र, रूकुम आंखा उपचार केन्द्र, सुलीचौर आंखा उपचार केन्द्र, कृष्णनगर रिफरल सेन्टर) मा आंखा स्वास्थ्य कार्यक्रम राप्ती तथा बहादुरगंजको नीति नियम तथा प्रत्येक्ष तथा अप्रत्यक्ष निगरानीमा औषधी तथा चश्माको व्यवस्थापन आउट सोर्सको माध्यमबाट गर्ने निणर्यानुसार सम्बन्धित निकायमा दर्ता भई यस कार्य सम्बन्धि कम्तिमा पनी ५ (पांच) वर्षको अनुभव प्राप्त फर्म तथा संस्थाहरूबाट प्रस्ताव सहित निवेदन आव्हान गरिएको जानकारी गराईन्छ ।

तपशील

१) आंखा स्वास्थ्य कार्यक्रम राप्ती तथा बहादुरगंज अन्तर्गत अस्पताल तथा उपचार केन्द्रहरूमा औषधी तथा चश्मा व्यवस्थापन गर्न विस्तृत कार्य योजनाको प्रस्ताव सहित प्रस्तावमा उल्लेख भएका शर्तहरू पालना गर्न मञ्जुर फर्म तथा संस्थाले मात्र निवेदन पेश गर्नु पर्ने छ ।

२) प्रस्ताव फाराम राप्ती आँखा अस्पताल, तुलसीपुर, दाङको लेखा शाखा वाट प्रस्ताव फाराम तथा प्रस्ताव सम्बन्धि नियमहरु **रु. ५०००।०० पांच हजार (फिर्ता नहुने गरी)** राष्ट्रिय वाणिजय बैंक, तुलसीपुर शाखामा ब.हि.नं **४१६०००५२६६१०** मा नगद बुझाएको सक्कल भौचर पेश गरेर खरिद गर्न पाइनेछ ।

३) अन्य शर्त तथा नियमहरू प्रस्तावमा उल्लेख भए बमोजिम हुने छ ।

४) प्रस्ताव खोल्ने वा नखोल्ने, स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार अस्पताल व्यवस्थापन समितिमा निहित रहने छ ।

५) प्रस्ताव यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र अथार्त **२०७४।०८।२३** गते राप्ती आंखा अस्पताल, रक्षाचौरको प्रशासन शाखामा दर्ता गराउनु पर्ने छ ।

नेपाल नेत्रज्योति संघ
आंखा स्वास्थ्य कार्यक्रम-राप्ती तथा बहादुरगंज
तुलसीपुर, दाङ
website:- raptieyehospital.org

नेपाल नेत्रज्योति संघ
आंखा स्वास्थ्य कार्यक्रम राप्ती तथा बहादुरगंज
राप्ती आंखा अस्पताल, दाङ
छन्द(कालेबाबु)नारायणी आंखा अस्पताल, बहादुरगंज
लमही आंखा अस्पताल, दाङ

तमसोमा ज्योतिर्गमय
Let there be sight
नेपाल नेत्रज्योति संघ
(Estd. 1978)

# *औषधी तथा चश्मा सेवा व्यवस्थापनको लागि कोठा भाडा सम्बन्धी शर्त तथा नियमहरू*

नेपाल नेत्रज्योति संघ

आंखा स्वास्थ्य कार्यक्रम राप्ती तथा बहादुरगंज

# राप्ती आंखा अस्पताल, दाङ

# छन्द(कालेबाबु)नारायणी आंखा अस्पताल, बहादुरगंज

# लमही आंखा अस्पताल, दाङ

## प्रस्ताव सम्बन्धि नियमहरु ।

आंखा स्वास्थ्य कार्यक्रम राप्ती तथा बहादुरगंज अन्तर्गतको आंखा अस्पताल तथा उपचार केन्द्रहरुको लागि मिति २०७४।०७।२४ गतेको **नयां युगबोध राष्ट्रिय दैनिक तथा गोरक्ष राष्ट्रिय दैनिकमा** प्रकाशित औषधी तथा चश्मा व्यवस्थापनको लागि कोठा भाडाको प्रस्ताव आह्वानको सूचनाको सन्दर्भमा इच्छुक रजिर्स्टड फर्म तथा संस्थाले तपसिल वमोजिमको सेवा शर्तहरुको पालना गर्ने गरी शिलबन्दी प्रस्तावमा भाग लिन सक्नेछ ।

१) **फाराम दस्तुर :** प्रस्ताव फाराम राप्ती आँखा अस्पताल, तुलसीपुर, दाङको लेखा शाखा वाट प्रस्ताव फाराम तथा प्रस्ताव सम्बन्धि नियमहरु **रु ५०००।०० पांच हजार (फिर्ता नहुने गरी**) राप्ती आंखा अस्पतालको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक, तुलसीपुर शाखा ब.हि.नं **४१६०००५२६६१०** मा नगद बुझाएको सक्कल भौचर पेश गरेर खरिद गर्न पाइनेछ ।

२) **धरौटी रकमः** आफुले कबुल गरेको रकमको २५ प्रतिशतले हुन आउने रकम वा सो भन्दा बढी रकम धरौटी बापत राप्ती आंखा अस्पतालको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक, तुलसीपुर शाखा ब.हि.नं **४१६०००५२६६१०** मा नगद बुझाएको सक्कल भौचर निवेदन साथ पेश गर्नु पर्ने छ ।

३) **मान्य नहुने :** धरौटी बापत बैंक दाखिला गरेको सक्कल भौचर संलग्न नभएमा उक्त प्रस्ताव फाराम मान्य नहुने अर्थात रद्ध गरिने छ ।

४) **धरौटी रकम फिर्ता सम्बन्धमाः** प्रस्ताव स्वीकृत भएको फर्म वा संस्थाको बाहेक अन्यको धरौटी फिर्ता गरिने छ ।

५) **वार्षिक भाडा दर :** औषधी तथा चश्मा व्यवस्थापन गर्न अस्पतालले अस्पताल परिसर भित्रै स्टोर चश्मालाई १, औषधीको लागि १ र उपचार केन्द्रहरुमा एउटा कोठामात्र उपलब्ध गराउने छ र उक्त बापत अस्पताललाई वार्षिक **रु २,५९७,५४७९६ (पच्चीस लाख सन्तानब्बे हजार पांच सय सड्चालिस र पैसा छयानब्बे** ).मा सबै भन्दा बढी कबोल गर्ने फर्म वा संस्थालाई भाडामा दिईने छ । उक्त भाडामा लाग्ने नियमानुसारको कर सम्बन्धित फर्म वा संस्थालेनै तिर्नु पर्ने छ ।

६) **आवश्यक फर्निचर तथा उपकरणहरु सम्बन्धमाः** अस्पतालले पछी सम्झौतामा उल्लेख गरिएका कोठाहरु बाहेक फर्निचर तथा उपकरणहरु उपलब्ध गराउने छैन । व्यवस्थापन कर्तालेनै आवश्यक सम्पुर्ण फर्निचर तथा उपकरणहरुको व्यवस्थापन गर्नु पर्ने छ ।

७) **आवश्यक जनशक्ति तथा दर्ता सम्बन्धमा :** औषधी तथा चश्मा सेवा व्यवस्थापनको लागि आवश्यक जनशक्तिहरु र सम्बन्धित निकायमा दर्ता गराउने सम्बन्धमा पछी सम्झौता पत्रमा उल्लेख भए बमोजिम व्यवस्थापन गर्ने गराउने सम्पुर्ण दायित्व व्यवस्थापन गर्ने फर्म वा संस्थाकोनै हुने छ ।

८) **न्यूनतम अनुभवः** औषधी तथा चश्माको सेवा व्यवस्थापन सम्बन्धमा कम्तीमा पनी ५ वर्षको अनुभव प्राप्त हुनु पर्ने छ र अनुभवको प्रमाण पत्र पनी प्रस्ताव फाराम सगै पेश गर्नु पर्ने छ ।

९) **औषधी तथा चश्मा सेवाको व्यवस्थापन सम्बन्धमाः** आंखा स्वास्थ्य कार्यक्रम राप्ती तथा बहादुरगंज अन्तर्गतको तीन वटै आंखा अस्पतालहरु र उपचार केन्द्रहरुमा औषधी तथा चश्मा सेवाको व्यवस्थापनको लागि अस्पताल व्यवस्थापन समितिबाट गठित समितिको प्रत्यक्ष तथा अप्रत्यक्ष निगरानीमा पछी सम्झौतामा उल्लेख हुने शर्तहरु बमोजिम सेवाको व्यवास्थापन गर्नु पर्ने छ ।

१०) **संस्थाको प्रोफाईल सम्बन्धमाः** फर्म वा संस्थाले आफ्नो फर्मको प्रोफाईल (जस्लाई प्राविधिक प्रस्ताव भनिने छ) विस्तृत तथा लिखितरुपमा  पेश गर्नु पर्ने छ । छानिएको प्राविधिक प्रस्तावकहरुको मात्र आर्थिक प्रस्ताव लाई खोलिने छ ।

११) **मौजदात औषधी, चश्मा र अन्य सामानहरुको सम्बन्ध्माः** औषधी तथा चश्मा सेवा व्यवस्थापनमा प्रयोग भई रहेको मोजदात औषधी, फर्निचर, उपकरणहरु तीन वटै (अस्पताल, हाल सेवा संचालन गरिरहेको फर्म र नयां छनौट हुने फर्म) पक्षको संयुक्त रोहवर र छलफलबाट मुल्याङ्कन गरी नयां आउने पक्षले स्वीकार (खरिद) गर्नु  पर्ने छ ।

१२) **समय अवधीः** औषधी तथा चश्मा सेवा व्यवस्थापनको अवधी हाललाई २ वर्षको हुने छ र थप अन्य सम्झौतामा उल्लेख भए बमोजिम हुने छ ।

१३) **प्राविधिक तथा आर्थिक प्रस्तावहरुः** प्रस्ताव दर्ता गराउदा प्राविधिक प्रस्ताव जस्मा कम्पनीको प्रोफाईल, विवरणहरु र आर्थिक प्रस्ताव जस्मा कबुल गरिएको रकमको बेग्ला बेग्लै सिलबन्दी फाराम र उक्त सिलबन्दी फाराममलाई एउटै फाईल भित्र राखी दर्ता गराउनु पर्ने छ । धरौटी बापतको बैक भौचर संलग्न नभएमा उक्त प्रस्तावहरु मान्य हुने छैन ।

१४) **प्राथमिक्ता :** बढी अंक कबोल गर्ने फर्म वा संस्थालाई ग्राहयता दिईने छ साथै आफ्नै ग्राईन्डीङ मसीन (सिसाको पावर निकाल्ने मसिन) भएको संस्थालाई विशेष प्राथमिक्ता दिईने छ ।

१५) **धरौटी सम्बन्धमाः** व्यवस्थापन गर्ने फर्म वा संस्थाले अस्पतालको नाममा कबुल गरेको रकमको आधा मुल्य बराबरको अचल जेथा जमानी वापत राख्नुपर्ने छ । कबुल गरेको अंकलाई दामासाहीले चार किस्ता (३ ३ महिना) मा अग्रिम बुझाउनु पर्ने छ ।

१६) **सम्झौता अवधी समाप्त पश्चात :** अस्पताल र व्यवस्थापन गर्ने फर्म वा संस्था विच सम्झौता थप नभएमा मौजदात औषधी तथा चश्मा दुवै पक्षको सहमतीमा उचित मुल्याङन गरि अस्पतालले लिने छ तर उपकरण र फर्निचर फिक्चरहरु भने अस्पतालले लिने छैन ।

१७) **प्रस्ताव दर्ता तथा खोलिने मिति :**  प्रस्ताव आवहृान सम्बन्धि प्रकाशित सूचनाको मितिले ३० दिन भित्र अथार्त **२०७४।०८।२३** गते राप्ती आंखा अस्पताल, रक्षाचौरको प्रशासन शाखामा दर्ता गराउनु पर्ने छ । प्राविधिक तथा आर्थिक प्रस्तावहरू एकै दिन खोलिने छैन । रितपुर्वकको प्राविधिक प्रस्तावलाई ३१औं दिनको दिउसो १:०० (1:00 PM) बजे राप्ती आंखा अस्पताल, रक्षाचौर, दाङमा खोलिने छ वा सो दिन विदा परेमा सोको भोलि पल्ट सोही समय

र स्थानमा खोलिने छ । कमिटिले प्राविधिक पक्षको आधारमा सिफारिस गरिएका कम्पनीको मात्र आर्थिक प्रस्ताव लाई उपयुक्त समयमा खोलिनेछ । प्रस्ताव पेश गर्ने कम्पनीका प्रस्तावक वा प्रतिनिधिहरु उपस्थित नभएमा पनि प्रस्ताव खोल्न बाधा पुग्ने छैन ।

१८) **स्वीकृत गर्ने वा नगर्ने** : प्राविधिक वा आर्थिक वा दुवै प्रस्तावहरु स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार व्यवस्थापन समितिको निणर्यमा निहित रहने छ ।

१९) औषधी र चश्माको व्यवस्थापन छुट्टा छुट्टै फर्म वा संस्था बाट गरिएको मान्य हुने छैन दुवैको व्यवस्थापन एउटै फर्म वा संस्थाबाटनै गर्नु पर्ने छ ।

अस्पताल प्रशासन
राप्ती आंखा अस्पताल, रक्षाचौर, दाङ
मितिः २०७४/०७/२४

श्रीमान अध्यक्षज्यू
राप्ती आँखा अस्पताल, तुलसीपुर, दाङ ।

महोदय,

नेपाल नेत्रज्योति संघ, आंखा स्वास्थ्य कार्यक्रम-राप्ती तथा बहादुरगंज राप्ती आँखा अस्पताल, दाङले मिति **२०७४।०७।२४** गते **नयां युगबोध राष्ट्रिय दैनिक र गोरक्ष राष्ट्रिय दैनिकमा** प्रकाशित गरेको औषधी तथा चश्मा सेवा व्यवस्थापनको लागि कोठा भाडा सम्बन्धि प्रस्तावपत्रको सूचना मुताविक प्रस्ताव फारामा रहेको सम्मपुर्ण शर्तहरु तथा नियमहरु मैले/हामिले राम्रोसंग अध्ययन गरे/गऱ्यौं । उक्त शर्तहरुको पालना गर्न मेरो/हाम्रो मञ्जुरी रहेकोले नियमानुसार प्राविधिक तथा आर्थिक प्रस्ताव भरी तोकिएको म्याद भित्र राप्ती आंखा अस्पताल, दाङमा बुझाउन ल्याएकोले दर्ता गरी पाउन अनुरोध गर्दछु ।

प्रस्तावकर्ता

---

नामः

पद :

कम्पनीको नाम :

ठेगाना :

टेलिफोन नं.................................................. मोवाइल नं.......................................

कम्पनीको छापः

मितिः

नेपाल नेत्रज्योति संघ
आंखा स्वास्थ्य कार्यक्रम राप्ती तथा बहादुरगंज
राप्ती आंखा अस्पताल, दाङ
छन्द(कालेबाबु)नारायणी आंखा अस्पताल, बहादुरगंज
लमही आंखा अस्पताल, दाङ

# प्राविधिक प्रस्ताव

# संस्था वा फर्मको प्रोफाईल

**१) संस्थाको परिचय**

**नाम:**
**ठेगाना/जिल्ला :**
**ईमेल:**

**२) संस्थाको कानुनी हैसियत**

संस्था दर्ताको प्रमाणपत्र (दर्ता नम्बर र मिति)
**दर्ता मिति:**
**दर्ता नं.**
**संस्था दर्ता भएको निकाय र स्थान :**
**प्यान नं.**
**नविकरण मिति :**

**३) संस्थाको प्रकृति र बनावट (विधान बमोजिम) र कार्यानुभव**

**संस्थाको प्रकृति वा प्रकार**
**संस्थाको बनावट(जस्तै संरचना)**
**संस्थाको कार्यानुभव:**
**प्रमुख उद्देश्यहरू:**

**४) संस्थाको मानवीय, वित्तीय र भौतिक स्थिति ।**

| मानवीय स्थिति | पूर्ण कालीन | अल्पकालीन | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

(अलगै पाना पनी थप गर्न सक्नुहुने छ)

**वित्तीय स्थिती:** लेखा परीक्षक भएको विगत तीन वर्षको प्रतिवर्ष औसत कारोबार (आयव्यय विवरणको एकतर्फी कारोबार) को रकम :

| वर्ष | आम्दानी (औसत) | खर्च (औसत) | |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

**भौतिक स्थिती** (आ.व. २०७३।७४ **को**)

५) **संस्थाबाट स्वास्थ्य प्रवाह भएका / प्रवाह हुने सेवा वा कार्यहरू सम्बन्धी**

६) चश्मा तथा औषधी सम्बन्धि कार्य गर्ने जनशक्तिहरूको विवरण (शैक्षिक योग्यता, कार्य अनुभव, तालिम प्राप्त आदि समेत)

पेश गर्ने

**अधिकारिक व्याक्तिको नाम/पद:**

**दस्तखत:**

**संस्थाको नाम तथा छाप:**

**मिति:**

**पुनश्च: उपरोक्त नमुना बमोजिमको विवरणहरू लिखितरूपमा पेश गर्नुहुन र यस अतिरिक्त निम्न कागजातहरू पेस गर्नहुन ।**

संस्था दर्ता / दर्ता नवीकरण प्रमाणपत्रका प्रतिलिपिहरू
भ्याट र प्यान नं. का प्रतिलिपिहरू
आ.व २०७३।७४ को लेखापरीक्षण प्रतिवेदन
साथै अन्य आवश्यक प्रमाणपत्रहरू ।

नेपाल नेत्रज्योति संघ
आंखा स्वास्थ्य कार्यक्रम राप्ती तथा बहादुरगंज
राप्ती आंखा अस्पताल, दाङ
छन्द(कालेबाबु)नारायणी आंखा अस्पताल, बहादुरगंज
लमही आंखा अस्पताल, दाङ

# आर्थिक प्रस्ताव

श्रीमान अध्यक्षज्यू
राप्ती आँखा अस्पताल, तुलसीपुर, दाङ ।

महोदय,

नेपाल नेत्रज्योति संघ, आंखा स्वास्थ्य कार्यक्रम-राप्ती तथा बहादुरगंज दाङले मिति **२०७४।०७।२४** गते **नयां युगबोध राष्ट्रिय दैनिक र गोरक्ष राष्ट्रिय दैनिकमा** प्रकाशित गरेको औषधी तथा चश्मा सेवा व्यवस्थापनको लागि कोठा भाडा सम्बन्धि प्रस्तावपत्रको सूचना मुताविक अस्पतालले निर्धारण गरेको वार्षिक भाडा दर **रु २,५९७,५४७।९६ (पच्चीस लाख सन्तानब्बे हजार पांच सय सड्चालिस र पैसा छयानब्बे**) भन्दा बढी अंकमा मेरो/हाम्रो फर्म/संस्थाले वार्षिक भाडा रु.................................................अक्षरमा रु.........................................................................................................................कबुल गर्न मञ्जुर रहेको अनुरोध छ ।

प्रस्तावकर्ता

---

नामः

पद :

कम्पनीको नाम :

ठेगाना :

टेलिफोन नं................................................ मोवाइल नं......................................

कम्पनीको छापः

मितिः